# पनौती नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या :५ मिति : २०८१/०४/०१

भाग-१

## पनौती नगरपालिकाको

## आर्थिक ऐन, २०८१

### पनौती नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः** पनौती नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम पनौती नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८१" रहेको छ।

(२) यो ऐन २०८१ साल श्रावण १ गतेदेखि पनौती नगरपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ। मालपोत बक्यौता असुलीको लागि अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) असूल उपर गरिनेछ।

३. **घर जग्गा बहाल करः** पनौती नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले बहालमा दिएकोमा अनुसूचि (३ ) बमोजिम बहाल कर लगाइने र असूल गरिनेछ।

४. **व्यवसाय करः** पनौती नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय को किसीम वर्गीकरण र स्तर निधार्रणको आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

५. **विज्ञापन करः** पनौती नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। यस सम्बन्धि अन्य व्यवस्था प्रदेश आर्थिक ऐनमा भए बमोजिम हुनेछ।

६. **मनोरन्जन करः** पनौती नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा बागमती प्रदेश सरकारले तोके बमोजिम मनोरन्जन कर लगाइने र असुल उपर गरिनेछ। यस दफा बमोजिम संकलन भएको रकम यस नगरपालिकाको विभाज्य कोषमा दाखिला गरि जम्मा भएको रकमको साठी प्रतिशत नगरपालिकाको संचित कोषमा र चालिस प्रतिशत प्रदेशको संचित कोषमा दाखिला गरिने छ।

७. **नगरपालिका सम्पति बहाल शुल्कः** पनौती नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (६) मा उल्लेख भए अनुसार हाट बजार वा पसल वा संरचनामा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार नगरपालिका सम्पति बहाल शुल्क लगाइने र असूल उपर गरिनेछ।

८. **पार्किङ शुल्कः** पनौती नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (७) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

९. **सेवा शुल्क, दस्तुर** क) पनौती नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (८) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ

ख) पनौती नगरपालिकाद्धारा सञ्चालित एम्बुलेन्सबाट सेवा प्रदान गरे वापत अनुसुचि (९) बमोजिमको दररेटमा सेवा शुल्क लगाईने र असुल उपर गरिनेछ।

१०. **पर्यटन शुल्कः** पनौती नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१०) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

११. **खानी तथा खनिज उत्खनन् दस्तुर र धरौटीः** पनौती नगरपालिका क्षेत्रभित्र रहेका खानी तथा खनिज उत्खनन् को खोजतलास, उत्खनन् कार्य, निकासी दस्तुर, धरौटी र रोयल्टी असूल उपरको लागि अनुसूची (११) मा उल्लेखित दरमा उत्खनन् कार्य, निकासी दस्तुर, धरौटी र रोयल्टी लगाईने र असुल उपर गरिनेछ।

१२. **खानी तथा खनिज उत्खनन् विक्री /स्रोत उपयोग शुल्क** पनौती नगरपालिका क्षेत्रभित्र रहेका खानी तथा खनिज उत्खनन् अन्तर्गत सामान्य निर्माणमुखि खनिज पदार्थ (ढुंगाखानी) उत्खनन/संकलन भइ प्रयोग हुने ढुंगा, रोडा, बालुवा, ग्राभेल, डष्ट, माटोमा अनुसूची (१२) मा उल्लेखित दरमा बिक्रि/स्रोत उपयोग शुल्क लगाईने र असुल उपर गरिनेछ।

१३. **'घ' वर्ग निर्माण व्यवसायी दर्ता नविकरणः** पनौती नगरपालिकामा दर्ता भएको र हुने 'घ' वर्ग निर्माण व्यवसायी दर्ता नविकरणमा दर्ता, नविकरण, प्रतिलिपीको लागि अनुसूची (१३) मा उल्लेखित दरमा दर्ता, नविकरण, प्रतिलिपी दस्तुर लगाईने र असुल उपर गरिनेछ।

१४. **साना सवारी साधन (टेम्पो, अटो रिक्सा जस्ता ):** पनौती नगरपालिकामा दर्ता हुने साना सवारी साधन इजाजत पत्र, इजाजत र वार्षिक सवारी कर**, दस्तुर, शुल्क** अनुसूची १४ मा उल्लेखित दरमा लगाईने र असुल उपर गरिनेछ।

१५. **जरिवाना :** यस ऐन बमोजिम तोकिएको अवधिमा कर दस्तुर दाखिला नगरेमा र प्रचलित कानूनको उल्लङ्घन गरेमा तोकिएको दरमा जरिवाना लगाई असुल उपर गरिनेछ।

१६. **कर, दस्तुर, शुल्क छुटः** यस ऐन बमोजिम कर, दस्तुर, शुल्क तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई विशेष व्यवस्था भएकोमा बाहेक कुनै पनि किसिमको कर, दस्तुर, शुल्क छुट दिईने छैन। तर प्राकृतिक प्रकोप, महामारी विपत्ति जस्ता काबु बाहिरको परिस्थिति सृजना भई लामो समय कर, दस्तुर, शुल्क असुलीमा वाधा व्यवधान भएमा नगरपालिकालाई तिर्न बुझाउनु पर्ने गरि कुनै लिखत सम्झौता भएको भए उक्त अवधिको तिर्न बुझाउन पर्ने रकम छुट दिन सकिनेछ । त्यस्तो दर घटाएको बढाएको र छुट दिईएको सूचना स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्नेछ। यस बमोजिम भएको विवरण प्रत्येक वर्ष नगरसभा समक्ष पेश गर्नुपर्नेछ। यसरी कर, दस्तुर शुल्क छुटको कसैले दुरुपयोग गरिएमा, कर, दस्तुर, शुल्क र सो बराबरको जरिवाना सहित रकम असुल उपर गरिनेछ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि पनौती नगरपालिकाले तोके अनुसार र बागमती प्रदेश कानूनमा व्यवस्था भए अनुसार हुनेछ।

पनौती नगरपालिका, २०७

**अनुसूचि- १**
**(आर्थिक ऐन २०८१ को दफा २ सँग सम्बन्धित)**

१. सम्पत्ति कर क्षेत्र, मूल्याङ्कन दररेट विवरण

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति रोपनी (रु.हजारमा) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वडा नं.१ | वडा नं.२ | वडा नं.३ | वडा नं.४ | वडा नं.५ | वडा नं.६ | वडा नं.७ | वडा नं.८ | वडा नं.९ | वडा नं.१० | वडा नं.११ | वडा नं.१२ |
| व्यापारिक क्षेत्र | पक्की सडकले छोएको जग्गाहरु | ७०० | १००० | १००० | १५०० | १५०० | १५०० | ३००० | १५०० | १२०० | १२०० | ७०० | ७०० |
| | ग्राबेल तथा अन्य कच्ची सडकले छोएको जग्गाहरु | ५०० | ७०० | ७०० | १००० | १००० | १००० | २५०० | १००० | ८०० | ८०० | ५०० | ५०० |
| | पनौती बसपार्कदेखि ५ नं. वडा सिमानाको पक्की सडकले छोएका जग्गाहरु | - | - | - | ३५०० | - | - | - | - | - | - | - | - |
| | पनौती बसपार्कदेखि वडा कार्यालय सम्मको पक्की सडकले छोएका जग्गाहरु | - | - | - | २५०० | - | - | - | - | - | - | - | - |
| | ४ वडा सिमानादेखि धनेश्वरसम्मको पक्की सडकले छोएका जग्गाहरु | ० | ० | ० | ० | ० | २५०० | ० | ० | ० | ० | ० | ० |
| | पनौती बसपार्कदेखि गोरखनाथ डाँडाको शुरु विन्दुसम्म पक्की सडक छोएका जग्गाहरु | - | - | - | - | - | ४००० | - | - | - | - | - | - |
| | गोरखनाथ डाँडाको शुरु विन्दुदेखि ९ नं. वडा सिमानासम्म पक्की सडक छोएका जग्गाहरु | - | - | - | - | - | २००० | - | - | - | - | - | - |
| | पनौती बसपार्क क्षेत्रले मात्र छोएका जग्गाहरु | ० | ० | ० | ० | ० | ० | ६००० | ० | ० | ० | ० | ० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पनौती बसपार्क देखि खोपासी जाने पुल सम्मको पक्की सडकले छोएका जग्गाहरु | - | - | - | - | - | - | ३५०० | - | - | - | - | - |
| | पनौती बसपार्क देखि कुशादेवी जाने पक्की सडकले छोएका जग्गाहरु | ० | ० | ० | ० | ० | ० | ३५०० | ० | ० | ० | ० | ० |
| | रेशमखेतीदेखि सल्मीटार जाने झोलुंगे पुलसम्म पक्की सडकले छोएका जग्गाहरु | - | - | - | - | - | - | - | - | - | १५०० | - | - |
| | गोरेटो बाटोले छोएका जग्गाहरु | ३०० | ४०० | ४०० | ७०० | ५०० | ५०० | १५०० | ५०० | ५०० | ५०० | ३०० | ३०० |
| आवासिय क्षेत्र | पक्की सडकले छोएको जग्गाहरु | ५०० | ६०० | ५०० | १५०० | १००० | १५०० | २५०० | १००० | १००० | १००० | ५०० | ६०० |
| | ग्राभेल तथा अन्य कच्ची सडकले छोएको जग्गाहरु | ४०० | ५०० | ४०० | ८०० | ६०० | ८०० | १५०० | ८०० | ६०० | ७०० | ४०० | ४०० |
| | गोरेटो बाटोले छोएका जग्गाहरु | ३०० | ३०० | ३०० | ५०० | ३०० | ५०० | १००० | ५०० | ४०० | ५०० | ३०० | ३०० |
| | खानीजन्य उद्योगले छाएका जग्गाहरु | - | ७०० | - | - | - | - | - | - | - | - | - | ७०० |
| | बाटोले नछोएका अन्य जग्गाहरु | २०० | २०० | २०० | ३०० | २०० | ३०० | ५०० | ३०० | ३०० | ३०० | २०० | २०० |
| कृषि क्षेत्र | पक्की सडकले छोएका जग्गाहरु | ४०० | ४०० | ४०० | ७०० | ५०० | ७०० | ७०० | ६०० | ७०० | ८०० | ४०० | ४०० |
| | ग्राभेल तथा अन्य कच्ची सडकले छोएका जग्गाहरु | ३०० | ३०० | ३०० | ५०० | ४०० | ५०० | ५०० | ५०० | ५०० | ६०० | ३०० | ३०० |
| | गोरेटो बाटोले छोएको जग्गाहरु | २०० | २०० | २०० | ४०० | ३०० | ४०० | ४०० | ३०० | ३०० | ४०० | २०० | २०० |
| | बाटोले नछोएका जग्गाहरु | १०० | १०० | १०० | ३०० | २०० | ३०० | ३०० | २०० | २०० | ३०० | १०० | १०० |
| भिर, पाखा तथा वन क्षेत्र | भिरपाखा तथा बनक्षेत्रका जग्गाहरु | ५० | ५० | ५० | ६० | ५० | ६० | १०० | ६० | ६० | ६० | ५० | ५० |

## २. सम्पत्तिकरको दररेट

| क्र.सं. | मूल्यांकन रकम रु. | | | | कर रकम रु. |
|---|---|---|---|---|---|
| १ | १ | देखि | ५ लाख | सम्म | १००.०० |
| २ | ५ लाख १ | देखि | ७ लाख ५० हजार | सम्म | २००.०० |
| ३ | ७ लाख ५० हजार १ | देखि | १० लाख | सम्म | ३००.०० |
| ४ | १० लाख १ | देखि | १२ लाख ५० हजार | सम्म | ४००.०० |
| ५ | १२ लाख ५० हजार १ | देखि | १५ लाख | सम्म | ४५०.०० |
| ६ | १५ लाख १ | देखि | १७ लाख ५० हजार | सम्म | ५००.०० |
| ७ | १७ लाख ५० हजार १ | देखि | २० लाख | सम्म | ६००.०० |
| ८ | २० लाख १ | देखि | २२ लाख ५० हजार | सम्म | ८००.०० |
| ९ | २२ लाख ५० हजार १ | देखि | २५ लाख | सम्म | १,०००.०० |
| १० | २५ लाख १ | देखि | २७ लाख ५० हजार | सम्म | १,२००.०० |
| ११ | २७ लाख ५० हजार १ | देखि | ३० लाख | सम्म | १,५००.०० |
| १२ | ३० लाख १ | देखि | ३५ लाख | सम्म | १,९००.०० |
| १३ | ३५ लाख १ | देखि | ४० लाख | सम्म | २,५००.०० |
| १४ | ४० लाख १ | देखि | ४५ लाख | सम्म | ३,३००.०० |
| १५ | ४५ लाख १ | देखि | ५० लाख | सम्म | ४,२००.०० |
| १६ | ५० लाख १ | देखि | ६० लाख | सम्म | ५,०००.०० |
| १७ | ६० लाख १ | देखि | ७० लाख | सम्म | ७,२००.०० |
| १८ | ७० लाख १ | देखि | ८० लाख | सम्म | ८,५००.०० |
| १९ | ८० लाख १ | देखि | ९० लाख | सम्म | ११,०००.०० |
| २० | ९० लाख १ | देखि | १ करोड | सम्म | १३,०००.०० |
| २१ | १ करोड १ | देखि | १ करोड २० लाख | सम्म | १५,०००.०० |
| २२ | १ करोड २० लाख १ | देखि | १ करोड ४० लाख | सम्म | १८,०००.०० |
| २३ | १ करोड ४० लाख १ | देखि | १ करोड ६० लाख | सम्म | २१,०००.०० |
| २४ | १ करोड ६० लाख १ | देखि | १ करोड ८० लाख | सम्म | २४,०००.०० |
| २५ | १ करोड ८० लाख १ | देखि | २ करोड | सम्म | २८,०००.०० |
| २६ | २ करोड १ | देखि | २ करोड ५० लाख | सम्म | ३२,०००.०० |
| २७ | २ करोड ५० लाख १ | देखि | ३ करोड | सम्म | ४०,०००.०० |
| २८ | ३ करोड १ | देखि | ३ करोड ५० लाख | सम्म | ५०,०००.०० |
| २९ | ३ करोड ५० लाख १ | देखि | ४ करोड | सम्म | ५५,०००.०० |
| ३० | ४ करोड १ | देखि | ४ करोड ५० लाख | सम्म | ६५,०००.०० |
| ३१ | ४ करोड ५० लाख १ | देखि | ५ करोड | सम्म | ७५,०००.०० |
| ३२ | ५ करोड १ | देखि | माथिको मूल्यांकनमा | | प्रतिहजार रु ३ थप |

## ३. सम्पत्तिकर बिबरण म्यादभित्र दाखिला नभएमा लाग्ने थप शुल्क

| सम्पत्तिको मूल्यांकन रकम | एक आ.व. म्याद नाघेमा | म्याद नाघेको दोस्रो आ.व. देखि चौथो आ.व सम्म | म्याद नाघेको पाँचौ आ.व.देखि आठौं आ.व.सम्म | म्याद नाघेको नवौं आ.व.देखि बाह्रौं आ.व.सम्म | म्याद नाघेको तेह्रौं आ.व.देखि सोह्रौं आ.व.सम्म | म्याद नाघेको सत्रौं आ.व.देखि बिसौं आ.व.सम्म | म्याद नाघेको एक्काइसौं आ.व.देखि चौबिसौं आ.व.सम्म |
|---|---|---|---|---|---|---|---|
| १० लाखसम्म | २०० | ६०० | १००० | १५०० | २००० | ३००० | ५००० |
| १० लाख भन्दामाथि ५० लाखसम्म | ४०० | १००० | १५०० | २००० | ३००० | ४००० | ७००० |
| ५० लाख भन्दामाथि जतिसुकै भए पनि | १००० | १५०० | ३००० | ५००० | ७००० | ९००० | १५००० |

१. माथि उल्लेख भएको अवधि पछि म्याद नाघि बिवरण दाखिला भएमा चौबिसौं वर्षको लागि तोकिएको रकममा प्रत्येक बर्षका लागी १० प्रतिशतका दरले थप गरि असुल गरिनेछ ।

## ४. सम्पत्ति कर प्रयोजनको लागि संरचनाको ह्रास कट्टी दर (प्रतिशत)

| संरचनाको किसिम / संरचनाको आयु | RCC फ्रेम स्ट्रक्चर | सिमेन्ट वा पाको इटामा माटोको जोडाईमा ढलाई | सिमेन्ट वा पक्का इटामा माटोको जोडाई वा काठ वा जस्ताको घेरा भै जस्ता, टायल, वा स्लेटको छाना | काँचो इटा वा ढुङ्गामा माटोको जोडाईमा सबै किसिमका छाना | टहरा वा सेड | पर्खाल |
|---|---|---|---|---|---|---|
| १ - ५ वर्ष | १० | १० | १३ | १५ | २० | २० |
| ६ - १० वर्ष | १३ | १४ | १८ | २२ | ३० | ३५ |
| ११ - १५ वर्ष | १६ | १८ | २३ | २९ | ४० | ५० |
| १६ - २० वर्ष | १९ | २२ | २८ | ३६ | ५० | ६० |
| २१ - २५ वर्ष | २२ | २६ | ३३ | ४३ | ६० | ६० |
| २६ - ३० वर्ष | २५ | ३० | ३८ | ५० | ६० | ६० |
| ३१ - ३५ वर्ष | २८ | ३४ | ४३ | ६० | ६० | ६० |
| ३६ - ४० वर्ष | ३१ | ३८ | ४८ | ६० | ६० | ६० |
| ४१ - ४५ वर्ष | ३४ | ४२ | ५३ | ६० | ६० | ६० |
| ४६ - ५० वर्ष | ३७ | ४६ | ५८ | ६० | ६० | ६० |
| ५१- ५५ बर्ष | ४० | ५० | ६० | ६० | ६० | ६० |
| ५६- ६० बर्ष | ४३ | ५४ | ६० | ६० | ६० | ६० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६१- ६५ बर्ष | ४६ | ५८ | ६० | ६० | ६० | ६० |
| ६६- ७० बर्ष | ४९ | ६० | ६० | ६० | ६० | ६० |
| ७० बर्ष भन्दा माथि | ६० | ६० | ६० | ६० | ६० | ६० |

## ५. सम्पत्ति कर प्रयोजनको लागि संरचनाको मुल्याकन दर

| क्षेत्र | | संरचना प्रति वर्ग फिट रु. | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | RCC फ्रेम स्ट्रक्चर वा सिमेन्ट जोडाई पाको ईंटामा ढलाई | | पाको ईंटामा माटोको जोडाईमा ढलाई | | पक्का ईंटामा माटोको जोडाई वा काठ वा जस्ताको घेरा भै जस्ता, टायल, वा स्लेटको छाना | | काँचो ईंटा वा ढुङ्गामा माटोको जोडाईमा सबै किसिमका छाना | |
| | | (क) | | (ख) | | (ग) | | (घ) | |
| | | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोबास |
| क. | व्यापारिक क्षेत्र | १३०० | १२०० | १०५० | १००० | ९०० | ८०० | ७०० | ६०० |
| ख. | आवासीय क्षेत्र | ११५० | १०५० | ९०० | ८५० | ७५० | ७०० | ६०० | ५०० |
| ग. | कृषि क्षेत्र | ९०० | ८५० | ८०० | ७०० | ६५० | ६०० | ५०० | ४५० |
| घ. | भिर, पाखा तथा वनक्षेत्र | ८०० | ७०० | ६५० | ५५० | ५०० | ४५० | ४०० | ३५० |
| ढुंगा वा ईंटाको पर्खाल प्रति रनिङ फिट रु. २५०।०० | | | | | | | | | |
| टहरा र सेड (छाना मात्र भएको वा छाना भै अस्थाई घेरा भएको) रु. ४५०।०० | | | | | | | | | |

१ नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर पौष मसान्त सम्म बुझाएमा १० प्रतिशत छुट दिईनेछ र जरिवानको हकमा सम्पत्ति कर निर्देशिका २०७५ बमोजिम हुनेछ ।

२ खानी दर्ता भएको तथा संचालनमा रहेको क्षेत्र व्यक्तिको नाममा जग्गा दर्ता भएता पनि खानी जन्य उद्योगले छोएको जग्गाको मुल्याङ्कन कायम हुने र अन्यको हकमा साविक करदाता बमोजिम हुनेछ ।

# अनुसूचि- २

## (आर्थिक ऐन २०८१ को दफा २ सँग सम्बन्धित)

मालपोत करको दर

बक्यौता मालपोत असूलीको लागि निम्न अनुसार मालपोत दर निर्धारण गरिएको छ ।

(क) पक्की सडकसँग जोडिएका जग्गाहरु ५ रोपनीसम्म रु. ३००।०० सो भन्दामाथि प्रति रोपनी रु. ४०।०० थप

(ख) कच्ची सडकसँग जोडिएका जग्गहरु ५ रोपनीसम्म रु. २५०।०० सो भन्दामाथि प्रति रोपनी रु. ३०।०० थप

(ग) गोरेटो बाटोसँग जोडिएका जग्गाहरु ५ रोपनीसम्म रु. २००।०० सो भन्दामाथि प्रति रोपनी रु. २५।०० थप

(घ) खेतीयोग्य जग्गाहरुमा ५ रोपनीसम्म रु. १५०।०० सो भन्दामाथि प्रति रोपनी रु. २०।०० थप

(ङ) बारी जग्गाहरुमा ५ रोपनीसम्म रु. १००।०० सो भन्दामाथि प्रति रोपनी रु. १५।०० थप

(च) भिर पाखा जग्गाहरुमा ५ रोपनीसम्म रु. ५०।०० सो भन्दामाथि प्रति रोपनी रु. १०।०० थप

*नोटः*

*१. खेती योग्य जग्गा जमिन बाँझो राखेमा लागेको मालपोत करमा थप ३० प्रतिशत जरिवाना लगाई असुलिने छ ।*

*२. खानी दर्ता भएको एवं संचालन भएको क्षेत्र व्यक्तिको नाममा जग्गा दर्ता भएता पनि खानी जन्य उद्योगले छोएका जग्गको मुल्याङ्कन कायम हुने, अन्यको हकमा साविक करदाता बमोजिम हुनेछ ।*

*३. छुट जग्गाको हकमा मालपोत कार्यालयको पत्रानुसार मालपोत दर रेट बमोजिम बाँकी बक्यौदा असुल गरी ३० प्रतिशत जरिवाना लगाईने छ ।*

## अनुसूचि- ३
## (आर्थिक ऐन २०८१ को दफा ३ सँग सम्बन्धित)
## बहाल करको दर

| क्र. स | क्षेत्र (प्रयोजन) | कूल बहाल रकममा लगाईने करको दर (प्रतिशतमा | कै. |
|---|---|---|---|
| १ | ब्यापारीक | १०% | |
| २ | आवाशिय | ५% | |
| ३ | कृषी | २% | |

**नोट: बैदेशिक अध्यन गर्ने बिधार्थीहरु को हकमा आयश्रोत बहालकर प्रमाणित सिफारीसमा कम्तीमा सम्झौता बमोजिम ३ महिनाको बहालकर असुली गरिने छ ।**

## अनुसूचि- ४
## (आर्थिक ऐन २०८१ को दफा ४ सँग सम्बन्धित)
## व्यवसाय करको दररेट विवरण

| क्र.सं. | व्यवसायको विवरण | व्यवसाय करको दर रु. |
|---|---|---|
| १ | सुनचाँदी बिक्रेता | ३,०००।०० |
| २ | भिडियो तथा क्यासेट चक्का बिक्रेता | १,५००।०० |
| ३ | चुरोट रक्सी :- | |
| | (क) थोक बिक्रेता | ५,०००।०० |
| | (ख) खुद्रा बिक्रेता | ३,०००।०० |
| ४ | टि.भी,कम्प्युटर ल्यापटप मोबाईल बिक्रेता | २,५००।०० |
| ५ | घडी , रेडियो, सवारी साधन पार्टपुर्जा बिक्रेता | १,०००।०० |
| ६ | सवारी साधन बिक्रेता | ६,०००।०० |

| | | |
|---|---|---|
| ७ | फर्निचर शो रुम | १५००।०० |
| ७ | निर्माण सामाग्री तथा हार्डवेयर व्यवसाय :- | |
| | (क) उच्च स्तरको बिक्रेता | ५,०००।०० |
| | (ख) मध्यम स्तरको बिक्रेता | ३,०००।०० |
| | (ग) निम्न स्तरको बिक्रेता | १,०००।०० |
| ८ | पेट्रोलियम पदार्थको बिक्रेता | ३,०००।०० |
| ९ | ग्याँस सम्बन्धि व्यवसाय | |
| | (क) ग्याँस बितरक | २,०००।०० |
| | (ख) ग्याँस बिक्रेता | १,०००।०० |
| | (ग) मेडिकल ग्याँस बिक्रेता | १,०००।०० |
| १० | विद्युत सामग्री बिक्रेता :- | |
| | (क) उच्च स्तरको बिक्रेता | ३,०००।०० |
| | (ख) मध्यम स्तरको बिक्रेता | २,०००।०० |
| | (ग) निम्न स्तरको बिक्रेता | १,०००।०० |
| ११ | सिसा तथा प्लाइउड बिक्रेता | १,०००।०० |
| १२ | दैनिक उपभोग्य खाद्य पदार्थ बिक्रेता :— | |
| | (क) उच्च स्तरको बिक्रेता | ३,०००।०० |
| | (ख) मध्यम स्तरको बिक्रेता | १,५००।०० |
| | (ग) निम्न स्तरको बिक्रेता | १,०००।०० |
| १३ | तरकारी तथा फलफुल बिक्रेता | १,०००।०० |
| १४ | तयारी कपडा तथा कपडा बिक्रेता :— | |
| | (क) उच्च स्तरको बिक्रेता | २,०००।०० |
| | (ख) मध्यम स्तरको बिक्रेता | १,५००।०० |
| | (ग) निम्न स्तरको बिक्रेता | १,०००।०० |
| १५. | विशेषज्ञ, परामर्श तथा अन्य व्यवसायिक सेवा :- | |
| | चिकित्सक, कविराज, इन्जिनियर, कानुन व्यवसायी, लेखा परीक्षक, दन्त चिकित्सक, अनुसन्धानकर्ता तथा परामर्शदाता, कम्युटर एनालिष्ट तथा प्रोग्रामर, बिमा एजेन्ट, सर्भेयर, अनुवादक, पशु चिकित्सक, शेयर दलाल, धर्मकाँटा र सामान ढुवानी कर्ता तथा कम्पनी | ५,०००।०० |
| १६. | निर्माण व्यवसाय :- | |
| | (क) क र ख वर्गको ठेक्का पट्टा फर्म | ५,०००।०० |
| | (ख) ग र घ वर्गको ठेक्का पट्टा फर्म | ३,०००।०० |
| १७. | उत्पादन मुलक उद्योग :- | |
| | (क) प्लाष्टीक, सलाई, गलैचा होजियारी, गार्मेन्ट, उनी स्वेटर, टायल उद्योग | ७,०००।०० |
| | (ख) ईंटा उद्योग | २५,०००।०० |
| | (ग) ब्लक उद्योग | ६,०००।०० |
| | (घ) खाद्य सम्बन्धी उत्पादनमुलक उद्योग | ५,०००।०० |
| | ङ) पाईप तथा प्लाष्टीक सामाग्री उत्पादन | ६०००।०० |
| | च) हयुम पाईप उद्योग | १००००।०० |
| | छ) ग्यास उद्योग | २००००।०० |
| | ज) हरबल उद्योग | २००००।०० |

| | | |
|---|---|---|
| | झ) विस्कुट उद्योग | १००००।०० |
| | ञ) डिस्टिलरी उद्योग | ३००००।०० |
| | छ) असफल प्लान्ट | १०००००।०० |
| १८. | उर्जा मुलक उद्योग :- | |
| | (क) गोबर ग्यास तथा अन्य उद्योग | ३,०००।०० |
| १९. | कृषि तथा वनजन्य उद्योग:- | |
| | (क) प्लाइउड उद्योग | ५,०००।०० |
| | (ख) निजी दुग्ध तथा चिस्यान केन्द्र | ५,०००।०० |
| | (ग) च्याउ उद्योग | ३,०००।०० |
| | (घ) पोल्ट्री फर्म(कुखुरा पालन व्यवसाय), बाख्रापालन, माछापालन तथा कृषि फर्म | १,०००।०० |
| | (ङ) वाईनरी उद्योग | १५,०००।०० |
| | (च) सित भण्डार एण्ड कोल्ड स्टोर | १०,०००।०० |
| | (छ) गाई भैसी दाना ठूलो उद्योग | ५,०००।०० |
| | (ज) गाई भैसी दाना सानो उद्योग | २,०००।०० |
| | (झ) कुखुरा(मास दाना) उद्योग | ४,०००।०० |
| | (ञ) पेलेट दाना उद्योग | ५,०००।०० |
| | (ट) हेचरी उद्योग | ७,०००।०० |
| | (ठ) अन्य उद्योग | २,५००।०० |
| २०. | खनिज उद्योग :- | |
| | (क) ढुंगा तथा खानी उद्योग | २५०,०००।०० |
| | (ख) क्रसर उद्योग :- | |
| | (ख.१) एक वटा मेशिन प्रयोग गरि सञ्चालनमा रहेको | १००,०००।०० |
| | (ख.२) दुई वटा मेशिन प्रयोग गरि सञ्चालनमा रहेको | १५०,०००।०० |
| | (ख.३) सो भन्दा माथि प्रति मेसिन रु. | ५०,०००।०० |
| | (ख.४) अस्थायी क्रसर सञ्चालन सहमति शुल्क | २५,०००।०० |
| | (ख.५) ढुगां कटिङ्ग, मेशिन ब्यवसाय | १००,०००।०० |
| २१. | पर्यटन उद्योग :- | |
| | (क) भौतिक सुविधायुक्त रिसोर्ट तथा होटेल क वर्गको | १०,०००।०० |
| | (ख) भौतिक सुविधायुक्त रिसोर्ट तथा होटेल ख वर्गको | ८,०००।०० |
| | (ग) भौतिक सुविधायुक्त रिसोर्ट तथा होटेल ग वर्गको | ६,०००।०० |
| | (घ) भौतिक सुविधायुक्त रिसोर्ट तथा होटेल घ वर्गको | ५,०००।०० |
| | (ङ) उच्चखालका रेष्टुरेन्ट, लज, भोजनालय तथा गेष्ट हाउस | ५,०००।०० |
| | (च) अन्य रेष्टुरेन्ट, लज, भोजनालय तथा गेष्ट हाउस | २,५००।०० |
| २२. | सेवा उद्योग :- | |
| | (क) अफसेट प्रेस, हाईभिजन तथा सिनेमा हल | १,०००।०० |
| | (ख) लेटर प्रेस | १,०००।०० |
| २३. | संचार सेवा :- | |
| | (क) फोटोकपी, टाईप तथा अन्य सेवा | १,०००।०० |
| | (ख) फ्याक्स, ईमेल, टेलिफोन, कुरियर तथा अन्य सेवा | २,०००।०० |
| | (ग) दुरसञ्चार विटिएस(टावर) प्रति ईकाई | ६,०००।०० |
| | (घ) सञ्चार सेवा प्रदायक संस्था | ५,०००।०० |
| | (ङ) निजी रेडियो स्टेसन | ३,५००।०० |

| | | |
|---|---|---|
| २४. | वित्तीय सेवा :- | |
| | (क) नेपाल सरकारको पुर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने वाणिज्य बैक र बित्तिय कम्पनीको मुख्य कार्यालय | १०,०००।०० |
| | (ख) बैकिङ्ग कारोबार गर्न स्वीकृत प्राप्त सहकारी बैक मात्र | ३,०००।०० |
| | (ग) आर्थिक कारोवार गर्ने बितीय कम्पनीको मुख्य कार्यालय | १०,०००।०० |
| | (घ) आर्थिक कारोवार गर्ने बितीय कम्पनीको शाखा कार्यालय | ७,०००।०० |
| | (ङ) विमा कम्पनीका शाखा कार्यालय | १००००।०० |
| | (च) विमा कम्पनीका मुख्य कार्यालय | ५,०००।०० |
| | (छ) सहकारी १ करोड सम्मको पुजि रकममा | ५,०००।०० |
| | (ज) सहकारी १ करोड भन्दा माथिको पुजि रकममा | ७,०००।०० |
| | (झ) महिला ,कषी सहकारीका लागी | ३,०००।०० |
| २५. | स्वास्थ्य सेवा निजी :- | |
| | (क) गैह्र सरकारी अस्पताल | १०,०००।०० |
| | (ख) नसिंग होम | ६,०००।०० |
| | (ग) क्लिनिक तथा ल्याब | ३,०००।०० |
| | (घ) आयुरवेदिक तथा औषधी पसल | १५००।०० |
| | (ङ) डेन्टल क्लिनिक | ३,०००।०० |
| | (च) औषधी उद्योग | १५,०००।०० |
| | (छ) पोलिक्लनीक तथा डानोग्नोसिस सेन्टर | १०,०००।०० |
| २६. | शिक्षा सेवा निजी :- | |
| | (क) निजी क्षेत्रको प्रा.वि.तथा प्रिप्राइमरी | ५,०००।०० |
| | (ख) निजी क्षेत्रको नि.मा.वि. | ७,०००।०० |
| | (ग) निजी क्षेत्रको मा.वि.तथा सो भन्दा माथि | १०,०००।०० |
| | (घ) ट्युसन तथा तालिम सेन्टर | ३,०००।०० |
| | सार्वजनिक शैक्षिक गुठी | |
| | (क) निजी क्षेत्रको प्रा.वि.तथा प्रिप्राइमरी | २,०००।०० |
| | (ख) निजी क्षेत्रको नि.मा.वि. | ३,०००।०० |
| | (ग) निजी क्षेत्रको मा.वि.तथा सो भन्दा माथि | ५,०००।०० |
| २७. | तालिम तथा अनुसन्धान केन्द्र :- | |
| | (क) टाईपिङ्ग, कम्प्युटर तथा भाषा प्रशिक्षण केन्द्र | २,०००।०० |
| | (ख) अन्तराष्ट्रिय गैह्र सरकारी संस्था | १०,०००।०० |
| २८. | मर्मत तथा सम्भार सेवा :- | |
| | (क) हेभी बस ट्रक तथा कार मर्मत | ५,०००।०० |
| | (ख) टायर रिसोलिङ्ग | ३,०००।०० |
| | (ग) साईकल, टेम्पो, टायर हावा भर्ने, पंचर टाल्ने, भिडियो वा क्यासेट चक्का, रेडियो, टि.भी तथा अन्य मर्मत | १,०००।०० |
| | (घ) रेलिङ्ग तथा ग्रील, स्टील फर्निचर | ३,०००।०० |
| | (ङ) मोबाईल रिपेरिङ्ग तथा घडी मर्मत सेवा | १,०००।०० |
| | (च) गाडी मर्मत तथा बडी बिल्र्डस | ५,०००।०० |
| | (छ) गाडी ट्रेनिङ्ग तथा अन्य ट्रेनिङ्ग सेन्टर | ३,०००।०० |
| | (ज) सिटहुट मर्मत | २,०००।०० |
| | (झ) मनिट्रान्सफर तथा चेन्जिङ्ग | ३,०००।०० |
| | (ञ) मोटर साईकल मर्मत तथा वर्कशप | २५००।०० |

| | | |
|---|---|---|
| | (ट) रेफ्रिजेरेटर, फ्रिज तथा अन्य मेशिन मर्मत व्यवसाय | २,०००।०० |
| | ठ) एकोरीयम (माछा बिक्री ) | २५००।०० |
| | (ड) क्रंकित एण्ड मिक्चर, सो सम्वन्धी व्यवसाय | ५,०००।०० |
| २९. | अन्य सेवा :- | |
| | (क) साईनबोर्ड, होर्डिङ्ग बोर्ड, पेन्टर सेवा | १,५००।०० |
| | (ख) पार्टी प्यालेस | ५,०००।०० |
| | (ग) सोलार हाउस | ५,०००।०० |
| | (घ) होमस्टे सञ्चालन | १,०००।०० |
| | (ङ) क्युरीयो तथा ग्यालरी पसल | २,०००।०० |
| | (च) सुन जलप गहना विक्री र मर्मत पसल | २,०००।०० |
| | (छ) माउण्टेन बाईक विक्री तथा भाडा पसल | २,०००।०० |
| | (ज) ड्राई क्लिनर पसल | १,५००।०० |
| | (झ) ब्युटिपार्लर तथा अन्य ट्रेनिङ्ग सेन्टर व्यवसाय | २,०००।०० |
| | (ञ) उन तथा सो बाट निर्मित सामाग्री बिक्री बितरण ब्यवसाय | १,५००।०० |
| | (ट) सवारी साधन पाटपुर्जा बिक्रेता : | |
| | १) गाडी सम्वन्धी सामाग्री बिक्रेता | ३०००।०० |
| | २) मोटर साइकल सामाग्री बिक्रेता | २०००।०० |
| | ३) दुवै ब्यबसाय भएमा | ५०००।०० |
| ३०. | हाउजिङ्ग कम्पनी तथा घर जग्गा खरिद बिक्री (रियल स्टेट) | २५,०००।०० |
| ३१. | सुचिकार तथा हजाम व्यवसाय | |
| | (क) साधारण टेलर्स | १,०००।०० |
| | (ख) कपडा सहितको टेलर्स | २,०००।०० |
| | (ग) हजाम ब्यवसाय | १,०००।०० |
| ३२. | श्रृंगार तथा व्युटी पार्लर ब्यबसाय | १,५००।०० |
| ३३. | फोटो स्टुडियो :- | |
| | (क) कलरल्याब | २,५००।०० |
| | (ख) फोटो स्टुडियो | १,५००।०० |
| ३४. | मासु बिक्रेता ब्यवसाय | २,०००।०० |
| ३५. | पशु बधशाला | ३,०००।०० |
| ३६. | जुत्ता मर्मत तथा जुत्ता बिक्रेता | १,५००।०० |
| ३७. | स्टेशनरी पसल :- | |
| | (क) थोक बिक्रेता | ३,०००।०० |
| | (ख) खुद्रा बिक्रेता | १,५००।०० |
| ३८. | भाडा वर्तन तथा गिफ्ट सप | २,०००।०० |
| ३९. | फूल तथा विरुवा विक्रेता | १,०००।०० |
| ४०. | पुल हाउस | २,०००।०० |
| ४१. | खोटो व्यवसाय | १,०००।०० |
| ४२. | केबुल नेटवर्क | ५,०००।०० |
| ४३. | रोडाढुंगा, बालुवा, ईटा, ब्लक बिक्रेता(डिपो) | ५,०००।०० |
| ४४. | रेडिमेड तथा फेन्सी :- | |
| | (क) उच्च स्तरको बिक्रेता | २५००।०० |
| | (ख) निम्न स्तरको बिक्रेता | १,५००।०० |

| | | |
|---|---|---|
| ४५. | कृषि सम्बन्धी व्यवसाय:- | |
| | (क) ढुटो दाना, कृषि औजार, रासायनिक मल विक्रेता | १,०००।०० |
| | (ख) डेरीको सामान विक्रेता | १,५००।०० |
| | (ग) निजी दुग्ध संकलन व्यवसाय | १,५००।०० |
| | (घ) कृषि, विषादी तथा भेटरीनरी | २,०००।०० |
| | (ङ)) आलु, प्याज, लसुन लगायत भण्डार व्यवसाय | १,५००।०० |
| | (च) परालको भुसा र धान भुस डिपो व्यवसाय | २,५००।०० |
| | (छ) बाँस डिपो व्यवसाय | १,५००।०० |
| ४६. | साना घरेलु उद्योग :- | |
| | (क) पेपर तथा कागज उद्योग | ३,०००।०० |
| | (ख) ठुलो वेन्सर भएको फर्निचर | ५,०००।०० |
| | (ग) सानो पेन्सर भएको फर्निचर | ३,०००।०० |
| | (घ) वेन्सर नभएको फर्निचर | २,०००।०० |
| | (ङ) चिउरा उद्योग | ३,०००।०० |
| | (च) मसला उद्योग | १,०००।०० |
| | (छ) कपास उद्योग तथा सोही किसिमको व्यवसाय | २,०००।०० |
| | ज) घरेलु कषी औजार निर्माण व्यवसाय | २,०००।०० |
| | (झ) पाउरोटी तथा बेकरी उद्योग तथा अन्य साना उद्योग | २,५००।०० |
| | (ज) कृषी औजार सम्वन्धी सामाग्री निर्माण | २,०००।०० |
| ४७. | अन्य व्यवसाय :- | |
| | (क) पार्क पिकनिक स्पट | १,०००।०० |
| | (ख) क्यासिनो | ५०,०००।०० |
| | (ग) टुर अपरेटर | ५,०००।०० |
| | (घ) मसाज पार्लर | २,५००।०० |
| | (ङ) मिठाई, म.म., चिया चमेना र पान पसल | १,०००।०० |
| | (च) खाद्यान्न मिल | १,०००।०० |
| | (छ) इनारको रिङ्ग तथा अन्य उद्योग | ३,०००।०० |
| | (ज) जिम सेन्टर | ५,०००।०० |
| | (झ) कवाडी सामान संकलन | ५,०००।०० |
| | (ञ) स्टिल तथा अल्मुनियम व्यवसाय | ४,०००।०० |
| | (ट) फुटसल | २०००।०० |
| ४८. | कपास पिसानी घुम्ति व्यवसाय २ महिनासम्म | ५००।०० |
| ४९. | कपास पिसानी घुम्ति व्यवसाय वार्षिक | २,०००।०० |
| ५०. | सार्वजनिक स्थान तथा न.पा क्षेत्रमा घुम्टी पसल राखी व्यवसाय गर्नेलाई पटके | ६०।०० |
| ५१. | नगरपालिकाबाट निर्माण गरिएको पसल टहरामा व्यवसाय सञ्चालन गर्न दिए वापत प्रति वर्गफिट मासिक बहाल बिटोरी कर | ५।०० देखि ५०।०० |
| ५२. | पनौती नगरपालिका क्षेत्र भित्र फिल्म तथा अडियो भिडियो सुटिङ्ग वापत दैनिक | १५००।०० |
| ५३. | माथि उल्लेख नभएका कुनैपनि सेवा तथा व्यवसायमा स्तर हेरी नगर कार्यपालिकाको निर्णय अनुसार निर्धारण हुने । | १,०००।०० देखि ५०,०००।०० |

व्यवसाय करमा लाग्ने छुट तथा जरीवाना :

- व्यवसाय कर पौष मसान्तसम्म बुझाउनेलाई १० प्रतिशत छुट दिइने छ र आर्थिक वर्ष नाघे पछि प्रत्येक वर्ष २० प्रतिशत जरीवाना लाग्ने छ।
- आधुनिक उपकरण बिना कृषक स्वयंबाट सञ्चालन भएको कृषि फर्म (स-साना टनेला, गाईपालन, बाखापालन, माछापालन) व्यवसायको व्यवसाय र होमस्टे सञ्चालन व्यवसाय नविकरण गरेको खण्डमा उक्त व्यवसायमा लाग्ने व्यवसाय कर लाग्ने छैन।

## अनुसूचि- ५
### (आर्थिक ऐन २०८१ दफा ५ सँग सम्बन्धित)
### विज्ञापन करको दररेट विवरण

वार्षिक दर देहाय अनुसार तोकिएको छ,

१. ११ स्क्वायर फिट सम्म रु. ३०।०० (तीस) प्रति स्क्वायर फिट।
२. २४ स्क्वायर फिट सम्म रु. ४०।०० (चालीस ) प्रति स्क्वायर फिट।
३. सो माथि रु. ५०।०० (पचास) प्रति स्क्वायर फिट।
४. भित्ते लेखन रु. ३०।०० (तीस) प्रति स्क्वायर फिट।
५. पोलमा राख्ने बोर्डको रु. ५५०।०० (पाँच सय पचास)प्रति एक। यसको साईज बढिमा ३×३ को ९ स्क्वायर फिटसम्मको मात्र।
६. अस्थायी रुपमा पसलको बाहिरी भागमा राखेको फ्लेक्स, ब्यानर (१५ स्क्वायर फिटसम्म प्रति एकको रुं. ७५०।०० (सात सय पचास सय ) वा सो भन्दा माथि ३० स्क्वायर फिटसम्म प्रति एकको रुं. १,२००।०० (एक हजार दुई सय) वा सो भन्दा माथि प्रति एकको रु. २,०००।०० (दुई हजार)
७. अस्थायी रुपमा पोलमा ब्यानर प्रति दिन रु १५।००(पन्ध्र) र रोड क्रस तथा लामो ब्यानर प्रति १ दिन रु ३०।००(तीस), एक हप्ता भन्दा बढी समय राख्न नहुने गरी।
८. व्यवसाय परिचयको लागी बढीमा ५ फिट× ५ फिट २५ स्क्वायर फिटसम्मको एक थान बोर्ड ब्यबसायीले आफनो पसल वा व्यवसाय रहेको भित्ता वा पर्खालमा राख्न पाउने छ सो भन्दा बढि राखेमा नगरपालिकाको स्विकृती लिनुपर्नेछ र १ थान भन्दा बढि बोर्ड राखेमा अन्य बोर्डहरुको रकम माथिको दररेट अनुसार हुनेछ।
९. मदिरा तथा सुर्तिजन्य बिज्ञापनमा थप ३०(तीस) प्रतिशत कर लाग्नेछ।
१०. विज्ञापन करको वार्षिक अंक मु.अ. कर सहित रु. ३५१,०००।०० (तिन लाख एकाउन हजार) कायम गरिएको छ। प्रत्येक वर्ष १० प्रतिशत थप हुनेगरी सम्झौताको अवधि ३ (तिन) वर्ष राखिएको छ।

**११. विदेशी कम्पनीको हकमा माथि उल्लेखित दरमा ५० प्रतिशत थपगरी असुल गरिने छ।**

## अनुसूचि- ६
### (आर्थिक ऐन २०८१ दफा ७ सँग सम्बन्धित)
### नगरपालिका सम्पत्ति बहालको दररेट विवरण

| क्र.सं. | संरचना नाम, रहेको स्थान र पसल कवल नं. | मासिक रु. |
|---|---|---|
| १ | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स भवनको पहिलो तल्ला- १ | ७,८००.०० |
| २ | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स भवनको पहिलो तल्ला- २ | ७,८००.०० |
| ३ | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स भवनको पहिलो तल्ला- ३ | ७,८००.०० |

| | | |
|---|---|---|
| ४ | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स भवर्नको पहिलो तल्ला- ४ | ७,८००.०० |
| ५ | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स भवनको पहिलो तल्ला- ५ | ७,८००.०० |
| ६ | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स भवनको पहिलो तल्ला- ६ | ७,८००.०० |
| ७ | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स भवनको दोस्रो तल्ला- १ र २ | ५,४००.०० |
| ८ | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स भवनको दोस्रो तल्ला- ३ | ४,२००.०० |
| ९ | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स भवनको दोस्रो तल्ला- ४ | ४,०००.०० |
| १० | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स भवनको दोस्रो तल्ला- ५ | ३,०००.०० |
| ११ | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स भवनको दोस्रो तल्ला- ६ | ३,०००.०० |
| १२ | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स भवनको भुई तल्ला पुरै/ज्यालाचिटी बाटोतर्फ | ११०००.०० |
| १३ | बसपार्कस्थित मानेश्वरी मन्दिरसंगैको भवनको भुईं तल्ला- १ | ८,०००.०० |
| १४ | बसपार्कस्थित मानेश्वरी मन्दिरसंगैको भवनको भुईं तल्ला- २ | ८,०००.०० |
| १५ | बसपार्कस्थित मानेश्वरी मन्दिरसंगैको भवनको भुईं तल्ला- ३ | ८,०००.०० |
| १६ | बसपार्कस्थित मानेश्वरी मन्दिरसंगैको भवनको भुईं तल्ला- ४ | ८,०००.०० |
| १७ | बसपार्कस्थित मानेश्वरी मन्दिरसंगैको भवनको भुईं तल्ला- ५ | ८,०००.०० |
| १८ | बसपार्कस्थित मानेश्वरी मन्दिरसंगैको भवनको पहिलो तल्ला- १ र ४ | ३५,५००.०० |
| १९ | बसपार्कस्थित मानेश्वरी मन्दिरसंगैको भवनको पहिलो तल्ला- २ र ३ | ३५,५००.०० |
| २० | बसपार्कस्थित मानेश्वरी मन्दिरसंगैको भवनको पहिलो तल्ला- ५ | १६,४००.०० |
| २१ | बसपार्कस्थित मानेश्वरी मन्दिरसंगैको भवनको छत पुरै | २९,०००.०० |
| २२ | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स नवनिर्मित भवनको पहिलो तल्ला- १ | १२,०००.०० |
| २३ | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स नवनिर्मित भवनको पहिलो तल्ला- २ र ९ | १६,८००.०० |
| २४ | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स नवनिर्मित भवनको पहिलो तल्ला- ३ | ९,६००.०० |
| २५ | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स नवनिर्मित भवनको पहिलो तल्ला- ४ र ७ | १४,४००.०० |
| २६ | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स नवनिर्मित भवनको दोस्रो तल्ला र छत पुरै | ३७,२००.०० |
| २७ | पनौती नगरपालिका- ७ स्थित लामपाटीको माथिल्लो तल्ला पुरै | ५,०००.०० |
| २८ | पनौती नगरपालिका- ६ स्थित तरकारी बजार भवनको भुईं तल्ला- १ | ५४००.०० |
| २९ | पनौती नगरपालिका- ६ स्थित तरकारी बजार भवनको भुईं तल्ला- २ | ५,४००.०० |
| ३० | पनौती नगरपालिका- ६ स्थित तरकारी बजार भवनको भुईं तल्ला- ३ | ४,५००.०० |
| ३१ | पनौती नगरपालिका- ६ स्थित तरकारी बजार भवनको भुईं तल्ला- ४ | ५,०००.०० |
| ३२ | पनौती नगरपालिका- ६ स्थित तरकारी बजार भवनको भुईं तल्ला- ५ | ३,०००.०० |
| ३३ | पनौती नगरपालिका- ६ स्थित रातमाते सामूदायिक भवन | ३,०००.०० |
| ३४ | पनौती नगरपालिका- १० स्थित वडा कार्यालय भवनको भुईं तल्ला कोठा- १ | २,०००.०० |
| ३५ | पनौती नगरपालिका- १० स्थित वडा कार्यालय भवनको भुईं तल्ला कोठा- २ | २,०००.०० |
| ३६ | पनौती नगरपालिका- १० स्थित वडा कार्यालय भवनको भुईं तल्ला कोठा- ३ | २,०००.०० |
| ३७ | पनौती नगरपालिका कार्यालय परिसरमा रहेको चमेना गृह | ६९००.०० |
| ३८ | वडा नं. ६ को तरकारी बजारमा रहेको प्रति सेड | ७५०.०० |

